नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

# प्रोडक्टिभ एलायन्स निर्माण तथा सञ्चालन कार्यविधि, २०७७

**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना**
**हरिहरभवन, ललितपुर**

# प्रोडक्टिभ एलायन्स निर्माण तथा सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मितिः २०७७/०६/२६

**प्रस्तावनाः** खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना अन्तर्गत साना उत्पादक कृषकहरुका लागि कृषि तथा पशुपन्छीजन्य उपजहरुको बजारमा सहज पहुँच गराउन प्रोडक्टिभ एलायन्सको माध्यमबाट उत्पादक कृषक समूह र कृषि उपज खरिदकर्ता बीच खरिद बिक्रिको करार सम्झौतामा समन्वय र सहजीकरण गरी बजार सम्वन्धन गराउने अभिप्रायले आयोजना दस्तावेज **(PAD)** र स्वीकृत आयोजना कार्यान्वयन म्यानुअल **(PIM)** मा व्यवस्था भए बमोजिम **"प्रोडक्टिभ एलायन्स निर्माण तथा सञ्चालन कार्यविधि, २०७७"** तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "**प्रोडक्टिभ एलायन्स निर्माण तथा सञ्चालन कार्यविधि, २०७७**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषाः</u> (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) **"आयोजना"** भन्नाले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनालाई सम्झनु पर्दछ ।

(ख) **"आयोजना व्यवस्थापन ईकाई"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत स्थापना भएको आयोजनाको केन्द्रिय कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) **"आयोजना क्लष्टर ईकाई"** भन्नाले आयोजना लागु भएका जिल्लाहरुमा कार्यक्रम सञ्चालन गर्न आयोजना व्यवस्थापन ईकाई अन्तर्गत स्थापना भएका आयोजना क्लष्टर ईकाईहरुलाई सम्झनु पर्दछ।

(घ) **"आयोजना क्षेत्र"** भन्नाले आयोजना लागु भएका जिल्लाका गाउँपालिकाहरुलाई सम्झनु पर्दछ।

(ङ) **"आयोजना निर्देशक समिति"** भन्नाले यस आयोजनाको आयोजना निर्देशक समितिलाई सम्झनु पर्दछ।

(च) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(छ) **"व्यवसाय"** भन्नाले कृषि बालीहरु, पशुपन्छी उत्पादन, प्रशोधन तथा बजारीकरणसंग सम्वन्धित व्यवसाय सम्झनु पर्दछ ।



सचिव

(ज) **"व्यवसायिक योजना"** भन्नाले उत्पादक कृषक समूहको उत्पादन, सामग्री खरिद, बजारीकरण, वित्तिय योजना सहितको व्यवसाय प्रस्ताव वा व्यवसाय योजना वा व्यवसायिक योजनालाई सम्झनु पर्दछ।

(झ) **"उत्पादक कृषक समूह"** भन्नाले आयोजनाको सम्भाग बी अन्तर्गत गठन भई गाउँपालिकामा दर्ता भएका खाद्यान्न तथा तरकारी बाली र पशुपन्छीपालन सम्वन्धी कृषक समूह वा उत्पादक कृषक समूहहरुलाई सम्झनु पर्दछ ।

(ञ) **"लाभग्राही"** भन्नाले आयोजनाबाट सेवा प्राप्त गर्ने लक्षित उत्पादक कृषक समूहका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ट) **"खरिदकर्ता"** भन्नाले उत्पादक समूहहरुले उत्पादन गरेको कृषि बाली तथा पशुपन्छीजन्य उपजहरुको खरिद गर्ने व्यक्ति वा संस्था लाई सम्झनुपर्छ ।

(ठ) **"प्रोडक्टिभ एलायन्स"** (उत्पादनशील सम्बन्धन) भन्नाले सार्वजनिक तथा निजी क्षेत्रको समन्वय र सहकार्यको माध्यमबाट आयोजना क्षेत्रका गाउँपालिकामा गठित साना उत्पादक कृषकहरुको उपजहरुलाई सरल र सहजरुपमा बजार पहुँच गराउने संयन्त्रलाई सम्झनु पर्दछ ।

(ड) **"प्रोडक्टिभ पार्टनर वा उत्पादनशिल साझेदारहरु"** भन्नाले उत्पादक कृषक समूहहरुको व्यवसाय योजनामा सामग्री आपूर्ति, प्राविधिक र वित्तिय सेवा प्रदान गर्न र उत्पादक कृषक समूह तथा खरिदकर्ता बीचको करार संझौतामा समन्वय र सहजीकरण गर्ने निकाय, संस्था वा व्यक्तिलाई सम्झनु पर्दछ ।

(ढ) **"कृषि मूल्य श्रृंखला"** भन्नाले कृषि सामग्री आपूर्ति देखि उत्पादन, संकलन तथा प्रशोधन, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, बजारीकरण र उपभोग सम्मका मूल्य अभिवृद्धि गर्ने चरणवद्ध क्रियापलापहरुलाई संझनु पर्दछ ।

(ण) **"बहुसरोकारवाला सम्वाद मञ्च"** भन्नाले कृषि मूल्य श्रृंखलाको विकासका लागि गाउँपालिकामा गठित कृषि मूल्य श्रृंखलाका प्रमुख पात्रहरु, सरोकारवाला सरकारी तथा निजी क्षेत्रका सहयोगी एवं प्रभाव पार्ने निकाय, व्यक्ति र संस्थाका प्रतिनिधिहरु सम्मिलित सम्वाद गर्ने मञ्चलाई संझनु पर्दछ ।

(त) **"करार संझौता"** भन्नाले आयोजना क्षेत्रका उत्पादक कृषक समूहले उत्पादन गरेका उपजको खरिद बिक्रिका लागि उत्पादक समूह र खरिदकर्ता बीच गरिने करार संझौतालाई संझनु पर्दछ ।

(थ) **"बैठक"** भन्नाले प्रोडक्टिभ एलायन्सको बैठकलाई संझनु पर्दछ ।

(द) **"संयोजक"** भन्नाले प्रोडक्टिभ एलायन्सको संयोजकलाई संझनु पर्दछ ।

(ध) **"सदस्य"** भन्नाले प्रोडक्टिभ एलायन्सको सदस्य र सदस्य–सचिवलाई संझनु पर्दछ ।

सचिव

(न) **"सेवा"** भन्नाले आयोजना लगायत अन्य सरकारी र निजी क्षेत्रका संस्थाहरुबाट प्रवाह हुने सेवा र सहयोग समेतलाई सम्झनु पर्दछ ।

(प) **"पुरक अनुदान"** भन्नाले आयोजनाको सम्भाग बी अन्तर्गत उत्पादक कृषक समूहहरुलाई व्यवसाय योजना कार्यान्वयन गर्न प्रदान गरिने अनुदानलाई सम्झनु पर्दछ ।

(फ) **"अनुगमन तथा मूल्याङ्कन अधिकृत"** भन्नाले आयोजनाको प्राविधिक सहायता अन्तर्गत आयोजना क्लष्टर ईकाईमा खटाईएका अनुगमन तथा मूल्याङ्कन अधिकृतलाई सम्झनु पर्दछ।

(ब) **"सेवा प्रदायक"** भन्नाले आयोजनाको प्राविधिक सहायता अन्तर्गत गाउँपालिकामा खटाईएका सेवा प्रदायक प्राविधिक कर्मचारीलाई सम्झनु पर्दछ ।

(भ) **"प्राविधिक सहायता"** भन्नाले खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको कार्यान्वयनका लागि नेपाल सरकार र संयुक्त राष्ट्र संघिय खाद्य तथा कृषि संगठन (एफ ए ओ) बीच भएको सम्झौता बमोजिमको प्राविधिक सहायतालाई सम्झनु पर्दछ ।

३. **<u>उद्देश्य:</u>** (१) यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहनेछन् ।

(क) उत्पादक कृषक समूह र खरिदकर्ता बीच बाली तथा पशुपन्छीजन्य उपजको खरिद विक्रिको करार संझौता गर्न सहजीकरण गरी बजार सम्वन्धनमा सहयोग गर्ने,

(ख) समूहको व्यवसाय योजना कार्यान्वयनमा आवश्यक पर्ने उत्पादन सामग्री, प्राविधिक तथा वित्तिय सेवाका लागि सम्वन्धित प्रोडक्टिभ पार्टनरका निकाय र संस्थासंग समन्वय गर्ने ।

४. **<u>कार्यक्रम विवरण:</u>** (१) आयोजना क्षेत्रका गाउँपालिकामा गठित प्रोडक्टिभ एलायन्सले साना उत्पादक कृषक समूहका व्यवसाय योजना अनुसारका उपजहरुको खरिदकर्तासंग बजार सम्वन्धन गराउन समन्वय र सहजीकरणका लागि देहायका क्रियाकलापहरु सञ्चालन हुनेछन्:

(क) उत्पादक कृषक समूहका प्रतिनिधिहरु र सरोकारवाला निकायहरुका प्रतिनिधिहरुलाई प्रोडक्टिभ एलायन्सको बारेमा गाउँपालिकास्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(ख) गाउँपालिकास्तरीय प्रोडक्टिभ एलायन्स गठन गर्ने,

(ग) आवश्यकता अनुसार प्रोडक्टिभ एलायन्सको बैठक आयोजना गर्ने,

(घ) उत्पादक कृषक समूहहरुबाट पेश हुने प्रस्तावित व्यवसाय योजनाहरुको बजार सम्वन्धनका लागि छलफल, समन्वय र सहजीकरण गर्ने,

(ङ) बहुसरोकारवाला सम्वाद मञ्च र आयोजना क्लष्टर ईकाईसंग समन्वय गर्ने ।

सचिव

## परिच्छेद–२

## कार्यक्रम सञ्चालन प्रक्रिया

५. **<u>लक्षित वर्ग तथा समूह:</u>** (१) खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणले जोखिम तथा सम्वेदनशिलवर्ग, भूकम्प र बाढी पिडित, खाद्य असुरक्षित, दलित, महिला, आदिवासी जनजाति र विस्थापित समुदायलाई लक्षित गरिनेछ।

(२) प्रोडक्टिभ एलायन्स गठन गर्दा देहाय बमोजिम प्राथमिकता दिईने छ ।

(क) खाद्यान्न, तरकारी, दलहन बाली तथा गाई, भैंसी, बाख्रा, कुखुरापालनमा संलग्न बजारका लागि उत्पादन गरिरहेका र गर्न ईच्छुक उत्पादक कृषक समूहहरु,

(ख) कृषि बाली तथा पशुपन्छी उपज खरिदकर्ताहरु,

(ग) प्राविधिक, उत्पादन सामग्री आपूर्ति र वित्तिय सहयोग गर्ने सेवा प्रदायकहरु,

(घ) बहुसरोकारवाला सम्वाद मञ्चका प्रतिनिधि सदस्य ।

६. **<u>अभिमुखिकरण गोष्ठी:</u>** (१) आयोजना क्षेत्रका प्रत्येक गाउँपालिकामा आयोजना क्लष्टर ईकाईहरुले गाउँपालिकास्तरीय प्रोडक्टिभ एलायन्स निर्माण गर्ने उद्देश्यले उत्पादक कृषक समूहका प्रतिनिधिहरु, कृषि सामग्री आपूर्तिकर्ता/ एग्रोभेट, वित्तिय संस्था, उपज खरिदकर्ता र अन्य सरोकारवालाहरु सम्मिलित सहभागीहरुका लागि अभिमुखिकरण गोष्ठी आयोजना गर्नेछन् ।

(२) अभिमुखिकरण गोष्ठीमा प्रोडक्टिभ एलायन्सको परिचय, उद्देश्य, अवधारणा, प्रोडक्टिभ एलायन्सको निर्माण, समन्वय र सहजीकरण कार्यान्वयन प्रक्रिया, प्रोडक्टिभ एलायन्स र प्रोडक्टिभ पार्टनर प्रोफाईलहरुको बारेमा प्रस्तुतिकरण, अन्तरक्रिया र छलफल गरिनेछ ।

(३) अभिमुखीकरण गोष्ठीबाट बहुसरोकारवाला सम्वाद मञ्चका प्रतिनिधि सदस्यको संयोजकत्वमा उत्पादक कृषक समूहका प्रतिनिधि, उपज खरिदकर्ता, प्राविधिकहरु, उत्पादन सामग्री आपूर्ति र वित्तिय सहयोग गर्न सेवा प्रदायकहरुबाट प्रतिनिधित्व हुने गरी दफा ७ बमोजिम गाउँपालिकास्तरीय प्रोडक्टिभ एलायन्सको गठन हुनेछ ।

७. **<u>प्रोडक्टिभ एलायन्स गठन:</u>** (१) गाउँपालिकास्तरीय प्रोडक्टिभ एलायन्सको गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| १. गाउँपालिका स्तरीय बहुसरोकारवाला सम्वाद मञ्चले तोकेको सदस्य– | संयोजक |
| २. सम्वन्धित गाउँपालिकाले तोकेको कृषि वा पशु सेवा प्राविधिक– | सदस्य |
| ३. स्थानिय वित्तिय संस्थाका प्रतिनिधि– | सदस्य |
| ४. व्यवसाय योजना पेश गर्ने उत्पादक कृषक समूहका प्रतिनिधि– | सदस्य |
| ५. उपज खरिदकर्ता– | सदस्य |
| ६. स्थानिय एग्रोभेटका (कृषि उत्पादन सामग्री आपूर्तिकर्ता) प्रतिनिधि– | सदस्य |
| ७. खा.पो.सु.सु. आयोजनाका गाउँपालिकामा कार्यरत सेवा प्रदायक प्राविधिक– | सदस्य–सचिव |



सचिव

८. **<u>प्रोडक्टिभ एलायन्सको सञ्चालन तथा काम कर्तव्यहरु:</u>** (१) आयोजना क्लष्टर ईकाईहरुले पुरक अनुदानका लागि व्यवसाय योजना पेश गर्न सूचना आव्हान गरेपछि उत्पादक कृषक समूहहरुले आ-आफ्नो समूहको व्यवसाय योजना बनाई प्रोडक्टिभ एलायन्सको सदस्य–सचिव कहाँ पेश गर्नेछन् ।

(२) उत्पादक कृषक समूहहरुका व्यवसाय योजनाहरुका बारेमा छलफल र करार सम्झौतामा समन्वय र सहजीकरणका लागि प्रोडक्टिभ एलायन्सको बैठकमा छलफल गरिनेछ । महिला कृषक समूह वा महिला सदस्य बढी भएका समूहका व्यवसाय योजनालाई प्राथमिकता दिईने छ ।

(३) उपयुक्त देखिएका व्यवसाय योजना कार्यान्वयनका लागि उत्पादन गरिने वालीवस्तुको परिमाण, गुणस्तर, उत्पादन तथा आपूर्ति तालिका र मूल्य आदि वारेमा आपसमा छलफल गरी प्रोडक्टिभ एलायन्सका प्रोडक्टिभ पार्टनरहरुले आवश्यक सहयोग गर्ने विषयमा आ–आफ्नो धारणा सहित प्रतिवद्धता जनाए पछि प्रोडक्टिभ प्रोफाईल तयार गरिनेछ ।

(४) उत्पादक कृषक समूह र खरिदकर्ता बीच सहमति जुटिसके पछि एक अर्कामा सम्वन्ध जोड्ने काम हुन्छ र त्यसलाई औपचारिकता प्रदान गर्न सहमति गर्ने दुवै पक्ष बीच उपजको खरिद–बिक्रिको करार सम्झौता अनुसुची– १ बमोजिम हुनेछन् ।

(५) प्रोडक्टिभ एलायन्सले व्यवसाय योजनासंग सम्वन्धित एलायन्सका प्रतिबद्ध समूह, खरिदकर्ता र अन्य प्रोडक्टिभ पार्टनरहरुको प्रोफाईल अनुसुची–२ बमोजिम तयार गरिनेछ ।

क) उपदफा ६ बमोजिमका प्रोफाईलहरु प्रोडक्टिभ एलायन्सका सदस्य–सचिवले तयार गरी प्रमाणिकरण गरेपछि आयोजना क्लष्टर ईकाईमा दर्ताका लागि पेश गर्नेछन् ।

(६) प्राप्त भएका समूहका व्यवसाय योजनाहरु सहित बैठकका लागि एजेण्डा समितिका सदस्य–सचिवले पेश गर्नेछन ।

(७) उत्पादक समूहबाट प्रस्ताव गरिएका व्यवसाय योजनाको विवरण ठिक ढंगले उल्लेख भए नभएको हेरी बैठकले ठिक नभएको व्यवसाय योजनामा सुधार गर्न सुझाव दिनु पर्नेछ ।

(८) बैठकमा उपयुक्त व्यवसाय योजनाहरुको उत्पादक समूह र व्यापारी बीच उपजको खरिदबिक्रि संझौताका लागि सहजीकरण गरिनेछ र सहमति भएपछि करार सम्झौतामा दुबै पक्षबाट हस्ताक्षर हुनेछ ।

(९) व्यवसाय योजना कार्यान्वयनका लागि प्रोडक्टिभ प्रोफाईलमा प्राविधिक, सामग्री आपूर्ति, वित्तिय सेवा संग सम्वन्धित निकाय र संस्थाका प्रतिनिधिहरु, उत्पादक समूह र उपज खरिदकर्तालै प्रतिवद्धता सहित हस्ताक्षर गर्नेछन् ।

(१०) आयोजना क्लष्टर ईकाई र प्रोडक्टिभ एलायन्सका संयोजकले बैठकमा भएको व्यवसाय योजनाहरु, समूह र खरिदकर्ता बीच भएका सम्झौताहरु र प्रोडक्टिभ प्रोफाईलहरुका बारेमा बहुसरोकारवाला सम्वाद मञ्चको बैठकमा जानकारी गराउने छन् ।

(११) प्रोडक्टिभ एलायन्सको क्रियापलापहरु आयोजना अवधिभर सञ्चालन हुनेछन् ।

(१२) बैठकमा भएको निर्णयको माईन्यूट सदस्य–सचिवले तयार तथा प्रमाणिकरण गर्नेछन् र आयोजना क्लष्टर ईकाईमा पेश गर्नेछन् ।



सचिव

## परिच्छेद–३

## अनुगमन, मूल्याङ्कन तथा अभिलेख

९. **अनुगमन, मूल्याङ्कन तथा अभिलेख व्यवस्था:** (१) दफा ६ बमोजिम अभिमुखीकरण गोष्ठी तथा बैठकको प्रगति विवरण अनुसुची–३ बमोजिम गाउँपालिकामा कार्यरत सेवा प्रदायक प्राविधिकहरुको सहयोगमा आयोजनाको प्राविधिक सहायता तर्फका अनुगमन तथा मूल्याङ्कन अधिकृतले संकलन गरी आयोजना क्लष्टर ईकाईमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रोफाईलहरुको प्रगति प्रतिवेदन तयार गर्न सम्वन्धित गाउँपालिकामा कार्यरत आयोजनामा खटाईएका सेवा प्रदायक प्राविधिकहरुले सहयोग गर्ने र सो को प्रगति प्रतिवेदन आयोजनाको प्राविधिक सहायता तर्फका अनुगमन तथा मूल्याङ्कन अधिकृतले संकलन गरी मासिक, चौमासिक र वार्षिक रुपमा आयोजना क्लष्टर ईकाईमा पेश गर्नु पर्नेछ ।

(३) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी मन्त्रालय, आयोजना व्यवस्थापन ईकाई र आयोजना क्लष्टर ईकाईको हुनेछ । साथै आवश्यकतानुसार गाउँपालिका र अन्य निकायसंग समन्वय गरी संयुक्त अनुगमन गर्न सकिनेछ ।

(४) कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन प्राविधिक सहायता तर्फका क्लष्टर ईकाईमा खटाईएका अनुगमन तथा मूल्याङ्कन अधिकृतले तयार गरी पेश गरेपछि मासिक, चौमासिक र वार्षिक रुपमा प्रगति प्रतिवेदन आयोजना क्लष्टर ईकाईले आयोजना व्यवस्थापन ईकाईमा पठाउनु पर्नेछ ।

## परिच्छेद–४

## विविध

१०. **बजेट सीमा:** (१) प्रोडक्टिभ एलायन्सको अभिमुखीकरण गोष्ठी तथा प्रोडक्टिभ एलायन्सको बैठक स्वीकृत बजेटको अधिनमा रही अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका अनुसार गर्नु पर्नेछ ।

११. **गुनासो तथा उजुरी:** (१) कार्यक्रम सञ्चालन सम्वन्धि कुनै किसिमका उजुरी तथा गुनासोहरु प्राप्त भएमा आयोजनाको गुनासो व्यवस्थापन कार्यविधि, २०७६ अनुसार व्यवस्थापन गरिनेछ ।

१२. **अमान्य हुने:** (१) यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१३. **प्रचलित कानून बमोजिम हुने:** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु सोही अनुसार हुने र उल्लेख नभएका विषयहरुको हकमा विद्यमान प्रचलित ऐन, कानून, नियम बमोजिम हुनेछ ।

१४. **बाधा अड्काउ फुकाउने:** (१)यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा आयोजना निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१५. **खारेजी तथा संशोधन:** (१) आयोजना निर्देशक समितिले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ ।

सचिव

## अनुसुची-१
### दफा ८ को उपदफा (५) संग सम्वन्धित
### उत्पादक कृषक समूह र खरिदकर्ता बीच हुने करार सम्झौता को नमूना

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको पुरक अनुदान सिद्धान्त बमोजिम तयार गरिएको व्यवसायिक योजनाको कुल लागत मध्ये ८५ प्रतिशत आयोजनाको अनुदान सहयोग र १५ प्रतिशत लाभग्राही समूहबाट व्यहोर्ने गरी संचालित यस ..............(व्यवसायिक योजनाको नाम)....... बाट उत्पादन भएका निम्न बस्तु उल्लेखित परिमाण, गुणस्तर र दरमा उपलव्ध गराउन र खरिद गर्न हामी उत्पादक संस्था (Producer) र (Buyer) खरिदकर्ता राजी भएकोले उत्पादनशिल गठवन्धनको मूल्य र मान्यताको परिधि भित्र रही कार्य गर्ने गरी यो मैत्रीपूर्ण सम्झौताको कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै राजी खुसी साथ मिति............का दिन हस्ताक्षर गर्‍यौं र लियौं ।

**उत्पादन तथा खरिद गरिने बस्तुको विवरण**

१) उत्पादनको नामः
२) उत्पादनको परिमाणः
३) तोकेको उत्पादन गुणस्तरः
४) डेलिभरी दिनु पर्ने स्थानः
५) उत्पादनको मूल्यः
६) अन्य शर्तः

**उत्पादक समूहको तर्फबाट**

१) नामः
२) ठेगाना:
३) टेलिफोन नम्बरः
४) हस्ताक्षरः
५) संस्थाको छापः

**खरिदकर्ताको तर्फबाट**

१) नामः
२) ठेगाना:
३) टेलिफोन नम्बरः
४) हस्ताक्षरः
५) संस्थाको छापः

**प्रोडक्टिभ एलायन्सको तर्फबाट**

१) नामः
२) ठेगाना:
३) टेलिफोन नम्बरः
४) हस्ताक्षरः
५) संस्थाको छापः

सचिव

अनुसुची-२

दफा ८ को उपदफा (६) संग सम्वन्धित)

## प्रोडक्टिभ एलायन्स तथा प्रोडक्टिभ पार्टनर प्रोफाईलको ढाँचा

.................. व्यवसाय योजनाको प्रोडक्टिभ एलायन्स तथा प्रोडक्टिभ पार्टनरको प्रोफाईल

जिल्ला ..................गाउँपालिका ................................ वडा नं. ..........

१. प्रस्तावित व्यवसाय योजना पेश गर्ने उत्पादक कृषक समूहको नाम, ठेगाना र सम्पर्क नम्वर

२. उत्पादक कृषक समूहको तर्फबाट जिम्मेवार व्यक्तिको नाम, ठेगाना र सम्पर्क नम्वर

३. व्यवसाय योजनामा संलग्न हुने समूहका कृषकहरुको संख्याः महिला..... पुरुष ... जम्मा....
दलित ....जनजाति....... मधेशी....... अन्य (ब्राम्हण, क्षेत्री, ठकुरी)..........)

४. प्रस्तावित व्यवसाय योजना अन्र्तगतको .......बाली र अनुमानित उत्पादन के.जी. /मे.टन......
वा पालिने गाई/भैसीको संख्या .......... र अनुमानित दुध उत्पादन लिटर ..........
वा बाख्राको जात र संख्या........र खसी बोकाको मासु अनुमानित उत्पादन मे.टन ........
वा पालिने कुखुराको जात, संख्या ...... र मासु उत्पादन भए मे.टन......अण्डा उत्पादन गोटा ...

५. बाली तथा पशुपन्छीजन्य उपजको खरिदकर्ताको नाम, ठेगाना र सम्पर्क नम्वर ........

६. खरिदकर्ताको तर्फबाट प्रतिवद्ध भई खरिद गर्ने संझौता भएको

क)...............बाली.........जात र उपजको परिमाण मे.ट. .........

ख) गाई/भैंसीको संख्या..........को दुध दैनिक/ मासिक/वार्षिक लिटर ......

ग) खसी । बोका को संख्या ............ र मासु केजी / मे.टन

घ) कुखुरा संख्याः ...............र मासु केजी /मे. टन ........ ङ) कुखुराको अण्डा भए ...........गोटा

च). प्रजनन्योग्य बोका वा बाख्रा भए संख्या (वार्षिकः

७. प्रस्तावित व्यवसाय योजनाको लागि आवश्यक पर्ने आवश्यक पर्ने जम्मा रकम रु. ...। मध्ये समूहको तर्फबाट रु. ...। आयोजनामा पुरक अनुदानका लागि अनुरोध गर्ने रु ....। र बाह्य श्रोतबाट जटाउनु पर्ने रकम रु........।

८. व्यवसाय योजना कार्यान्वयनका लागि प्रोडक्टिभ पार्टनरहरुको प्रतिवद्धताः

क. आवश्यक सहयोग र समन्वयका लागि प्रोडक्टिभ एलायन्सका संयोजकको तर्फबाटः
नाम ..................ठेगाना............................ र सम्पर्क नम्वर ...............

ख. प्राविधिक सेवाका लागि प्रतिवद्धताः खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको तर्फबाटः
गाउँपालिकाको तर्फबाट कृषि शाखाःपशु विकास शाखाः

ग. कृषि सामग्री आपूर्तिकर्ताका लागि एग्रोभेटका प्रतिनिधिको प्रतिवद्धताः
नाम ............. पद ...............ठेगाना................... र सम्पर्क नम्वर .............

घ. कर्जा तथा वित्तिय सेवाका लागि प्रतिवद्धताः
वित्तिय संस्थाका प्रतिनिधिको नाम ....................पद..............र संस्थाको नाम.............

९. खरिदकर्ताबाट संझौता बमोजिम उपज खरिद गर्ने प्रतिवद्धताः
नाम ............. ,ठेगाना................... र सम्पर्क नम्वर .............

१०. संझौता बमोजिम उत्पादन गर्ने र उपज उपलव्ध गराउने
उत्पादक कृषक समूहका प्रतिनिधिको प्रतिवद्धता र हस्ताक्षरः
मितिः

प्रोफाईल प्रमाणिकरण गर्नेको नाम, पद र हस्ताक्षर

सचिव

## अनुसुची-३

### दफा ९ को उपदफा (१) संग सम्वन्धित

प्रोडक्टिभ एलायन्सको अभिमुखीकरण गोष्ठी/बैठक कार्यान्वयनको प्रगति विवरण

गाउँपालिकाः .................... वडा नं..... स्थानः ...............

महिना आर्थिक वर्षः

| सि. नं. | गोष्ठी वा बैठक | सञ्चालन भएको मिति | आयोजना बाट उक्त क्रियाकलाप का लागि खर्च भएको रकम | सञ्चालित मुख्य क्रियाकलाप | सहभागी/लाभान्वित वर्ग | | | कार्यक्रम अनुगमन भए नभएको | अनुगमन गर्ने निकाय र व्यक्तिको नाम | कार्यान्वयन मा देखा परेका समस्या | समाधान का प्रयास |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्म | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

विवरण तयार गर्नेः

विवरण प्रमाणित गर्नेः

सचिव